Total No. of Printed Pages—8

**X/23/N**

**2023**

**NEPALI**

( INDIAN LANGUAGE )

**( FOR CANDIDATES WITH INTERNAL ASSESSMENT )**

*Full Marks* : 80

*Pass Marks* : 24

**( FOR CANDIDATES WITHOUT INTERNAL ASSESSMENT )**

*Full Marks* : 100

*Pass Marks* : 30

*Time* : 3 hours

**( FOR ALL CATEGORIES OF CANDIDATES )**

*General Instructions* :

(i) The candidates are advised to attempt all questions accordingly.

(ii) Marks allocated to every question are indicated against each.

(iii) Question Nos. **1** to **13** are to be answered by all **Candidates**.

(iv) Question Nos. **14** and **15** are to be answered only by **Candidates without Internal Assessment**.

**1.** कुनै **दुई** प्रश्नहरूका उत्तर लेख : 7×2=14

(क) चार्ली च्यापलीन को हुन्? उनको जन्म कहिले र कहाँ भएको थियो? उनको बाल्य-जीवन कसरी बितेको थियो? लेख।

(ख) रूपलाल को हो? उसको चालचलन कस्तो छ? वर्णन गर।

(ग) 'परिबन्द' कथाले भन्न खोजेको मूल कुराको वर्णन गर।

(घ) 'चिठी' पाठका लेखक को हुन्? उनले किन 'विदेशबाट आएको बासी स्याउभन्दा आफ्नो बगैंचामा फलेका ताजा नास्पाती मीठा हुन्छन्' भनेका छन्? बुझाएर लेख।

**2.** **दुई** वा **तीन** वाक्यमा उत्तर लेख (कुनै **तीन**) : 2×3=6

(क) नसुल्झेको इच्छाभन्दा के बुझिन्छ?

(ख) राष्ट्रभाषा र मातृभाषा-मा के अन्तर छ?

(ग) डाक्टर र इन्जिनियर-मा के-के कुराको भिन्नता छ?

(घ) पारसमणि प्रधानले लेखेका केही पुस्तकहरूका नाउँ लेख।

(ङ) शिक्षाका मुख्य मार्गहरू के-के हुन्?

**3.** **एक** शब्द वा वाक्यमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(क) पारसमणि प्रधान कहाँका लेखक हुन्?

(ख) 'शिक्षाको उद्देश्य' पाठका लेखक को हुन्?

(ग) शिक्षित व्यक्तिका केही गुणहरू लेख।

(घ) 'चिठी' पाठमा दाजुले भाइलाई चिठी लेखेका छन्। यो चिठीका दाजु को हुन्?

(ङ) पत्रिकामा आलु-आलु लगाउनुको कारण के हो?

(च) आधुनिक शिक्षामा देखा परेका अवगुण के-के हुन्?

(छ) वंशको विषयमा लेखिएको कुरालाई के भनिन्छ?

**4.** सप्रसँग व्याख्या गर ('क' र 'ख'-बाट छानेर **एउटा-एउटा**) : 5×2=10

(क) ''यस्ता पत्रिकाको हामीलाई खाँचो छैन, यसले भाषाको अधोगति पार्छ।''

**अथवा**

''एकातिर श्रीमतीले मेरो विचार र इच्छालाई समर्थन गर्दिनन् भने म पनि मेरो गोरुको मोल बाह्रै टक्का भन्न छोडदिन।''

(ख) ''यस्तै रीतले सन्ध्या आउला अन्धकार–क्षण सर्वत्र छाउला
'स्वीट फल्स' आफ्नै धूनमा रहला जीवन–गीत त्यो आफ्नै गाउला।''

**अथवा**

''हे कवि हो, जीवनको निम्ति नगाओ
चिहानको निम्ति मात्रै गाओ।''

**5.** सारांश लेख (कुनै **एक**) : 5

(क) गोपीनारायण प्रधानरचित—'स्वीट फल्स'

(ख) कृष्णप्रसाद ज्ञवालीरचित—'अधिकार र कर्तव्य'

(ग) नवसापकोटारचित—सिर्ज 'एउटा कागजको इतिहास'

**6.** **दुई** वा **तीन** वाक्यमा उत्तर लेख (कुनै **दुई**) : 2×2=4

(क) 'गरीब' कवितामा गरीब कहाँ–कहाँ अनि कसरी घुमी-वरी आफ्नो आँगनमा फर्कन्छ?

(ख) रुपियाँलाई किन उपियाँसँग तुलना गरिएको छ?

(ग) भानुभक्तले लेखेको 'रामायण'–लाई त्यतिबेला कसैले किन ध्यान दिएनन्?

(घ) गरीबको घरको छेउछाउको दृश्य कस्तो छ?

**7.** **एक** शब्द वा वाक्यमा उत्तर लेख (कुनै **चार**) : 1×4=4

(क) गौंथली कहाँ बस्ने गर्छ?

(ख) 'हे कविहरूका सूर्य तिमी' भनी कविले कसलाई भनेका छन्?

(ग) गरीब थाकेपछि थकाइ मार्न कहाँ बस्छ?

(घ) गरीबलाई मीठो लाग्ने वस्तु के हो?

(ङ) 'ताम्रपत्र' भनेको के हो?

(च) अधिकार कसरी पाइन्छ?

(छ) गुराँस के हो?

**8.** भाव विस्तार गर (कुनै **एक**) : 3

(क) उपकारी गुणी व्यक्ति निहुरिन्छ निरन्तर।

(ख) कर्तव्य र अधिकार एकै सिक्काका दुईपाटा हुन्।

(ग) मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन।

**9.** थोरै शब्दमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(क) हरि र सानी कुन उपन्यासका पात्रहरू हुन्?

(ख) हरिका बाबु को हुन्?

(ग) रत्नाको लोग्ने मर्दाको दिन कुन चाड परेको थियो?

(घ) हरिले केको फित्क्यौली बनाएर परेवा हान्थ्यो?

(ङ) सानीको लोग्ने कस्तो स्वभावको मान्छे थियो?

(च) लैनसिंह वाङ्‌देलले लेखेको उपन्यासको नाउँ के हो?

(छ) सानीलाई मनपर्ने नन्द कुन हो?

(ज) तिहारको झिलिमिलि हेर्न सानी र हरि कहाँ गए?

**10.** हरि र सानी साना छँदा कसरी दिन बिताउँथे—तिनीहरूको बाल्यकालको वर्णन गर। 5

**अथवा**

हरिको चरित्र चित्रण गर।

**11.** निम्नलिखित निर्देश–अनुसार उत्तर लेख :

(क) सन्धि गर (कुनै **दुई**) : ½+½=1

हिम + आलय; मेघ + आलय; दिन + ईश; देव + आलय।

(ख) विशेषण बनाऊ (कुनै **दुई**) : ½+½=1

घर; दिन; गोर्खा; विष।

(ग) उल्टो शब्द लेख (कुनै **दुई**) : ½+½=1

लेख्नु; निदाउनु; अस्ताउनु; हिंड्नु।

(घ) सम्मोच्चारित शब्दको अर्थ लेख (कुनै **दुई**) : ½+½=1

गदा; गधा; दिन; दीन।

(ङ) तलका शब्दको अर्थ लेख (कुनै **दुई**) : ½+½=1

अजम्मरी; अजेय; अनुपम; अनित्य।

(च) स्त्रीलिङ्ग बनाऊ (कुनै **दुई**) : ½+½=1

छोरो; सालो; घोडा; भाले।

**12.** तल दिइएको अनुच्छेद पढेर त्यसबाट सोधिएका प्रश्नहरूको उत्तर लेख :

पश्चिमाहरू प्रकृतिलाई जडवस्तु मान्दछन्। उनीहरूका लागि प्रकृति एउटा भौतिक उपलब्धि मात्र हो। प्रकृति मान्छेका लागि हो। यसको जति सक्दो उपयोग गर्नुपर्छ भन्ने भौतिकवादी दृष्टिकोण पश्चिमी विचारको मूल धारणा हो भने प्रकृति र मानव-को अस्तित्व परिपूरक सम्बन्धमा आधारित छ, त्यसैले प्रकृतिलाई चेतन रूपमा मान्नुपर्छ र सन्तुलित उपयोग गर्नुपर्छ भन्ने कुरा पूर्वीय दर्शनको सार कुरा हो। अहिले आएर पश्चिमाहरूले प्रकृति संरक्षणको नारा उठाए पनि पश्चिममा यो नारा उठेको धेरै समय भएको छैन। मान्छे आफै प्रकृति हो, त्यसैले भौतिक विकासको चरमचुलीमा पुगेपछि मानवमा उत्पन्न हुने अतृप्ति, वितृष्णा र कुण्ठा-को उचित निकासका लागि प्रकृतितिरै फर्किनु अनिवार्य हुन्छ पश्चिमाहरूको 'प्रकृतितिर फर्क'-को नारालाई यसै सन्दर्भमा हेर्नुपर्छ। प्रकृति भनेको ढुङ्गो माटो, वृक्ष-वनस्पति र जलस्रोत हो। अब यी सबै कुरालाई प्राकृतिक सम्पदा भन्न थालिएको छ। समकालीन विश्वमा धनी वा गरीब राष्ट्रको निर्णय उसको अधीनमा रहेको प्राकृतिक सम्पदाकै आधारमा हुनथालेको पाइन्छ। प्रकृतिको विराट स्वरूप नै वातावरण हो। वातावरणभित्र वायुमण्डल समेत पर्दछ।

**प्रश्नहरू :**

(क) पश्चिमाहरू प्रकृतिलाई के मान्छन्? 1

(ख) प्रकृति र मानव-को अस्तित्व के कुरामा आधारित छ? 1

(ग) प्रकृति भनेको के हो? 1

(घ) धनी र गरीब राष्ट्र छुट्याउने आधार के हो? 1

(ङ) वातावरण भनेको के हो? 1

**अथवा**

राष्ट्रीय झण्डाको विषयमा जानकारी दिँदै कलकत्तामा बस्ने तिम्रो मित्रलाई एउटा चिठी लेख। 5

**13.** निबन्ध लेख (कुनै **एक**) : 8

(क) राष्ट्रप्रेम

(ख) तिमीलाई मनपर्ने एउटा नामी खेलाडी

(ग) समयको महत्त्व

(घ) विद्यार्थी जीवन

(ङ) हाम्रो मुख्य चाड 'दुर्गापूजा'

**[ For Candidates Without Internal Assessment ]**

( *Marks* : 20 )

**14.** (क) थोरै शब्दमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

*(i)* डी॰ पी॰ जोशीले लेखेको पाठको शीर्षक के हो?

*(ii)* सेती कसकी स्वास्नी हो?

*(iii)* 'अल्झेको इच्छा' पाठमा आमाले छोरोलाई के बनाउन खोजेकी छीन?

*(iv)* 'शिक्षाको उद्देश्य' पाठ-अनुसार शिक्षा के हो?

*(v)* 'चिठी' पाठमा कसले कसलाई उपदेश दिएका छन्?

*(vi)* भौतिक सम्पत्ति भनेर उल्लेख गरिएको कविताको नाउँ के हो?

*(vii)* तेह्र वर्षपछि साउन महिनामा रत्ना र सानी कसको घरमा आए?

(ख) कोष्ठकबाट सही शब्द छानी वाक्य पूरा गर (कुनै **पाँच**) : 1×5=5

*(i)* राजबाडी दार्जीलिङ (शहरमा/गाउँमा) छ।

*(ii)* कर्तव्य गर्नाले (अपराध/अधिकार) पाइन्छ।

*(iii)* 'समीर'-को अर्थ (वायु/पृथ्वी) हो।

*(iv)* दार्जीलिङको पुदुङ पाठशालाबाट प्राथमिक शिक्षा शुरू गर्ने व्यक्ति (डा॰ पारसमणि प्रधान/इन्द्रबहादुर राई) हुन्।

*(v)* बाबुले छोरोलाई डाक्टर बनाउन खोज्ने पाठको नाउँ ('परिबन्द'/'अल्झेको इच्छा') हो।

*(vi)* (चेतनारायण जोशी/नवसापकोटा) 'शिक्षाको उद्देश्य' पाठका लेखक हुन्।

*(vii)* डाक्टरले (हरिलाई/सानीलाई) जरो नहटेसम्म रोटी खानुपर्छ भनेको थियो।

**15.** (क) थोरै शब्दमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

*(i)* 'स्वीट फल्स' के हो?

*(ii)* दशैंमा माइतघर आउँदा सानीले कसलाई लिएर आई?

*(iii)* 'परिबन्द' भनेको के हो?

*(iv)* लक्ष्मीपूजा हेर्न सानी कोसित दार्जीलिङ शहर गई?

*(v)* 'शिक्षाको उद्देश्य' पाठ 'कथा' वा 'निबन्ध'—के हो?

*(vi)* चार्ली च्यापलीनको जन्म कुन देशमा भएको हो?

*(vii)* प्रसिद्ध लेखक पारसमणि प्रधानकी आमाको नाउँ के हो?

(ख) खाली ठाउँ भर (कुनै **पाँच**) : 1×5=5

*(i)* हुनु वा गर्नु बुझाउने शब्दलाई ______ भनिन्छ।

*(ii)* संज्ञा वा सर्वनामको गुण बुझाउने शब्दलाई ______ भनिन्छ।

*(iii)* 'सुनाखरी' फूलको वर्णन ______ कवितामा पाइन्छ।

*(iv)* 'पाताल' शब्दको उल्टो शब्द ______ हो।

*(v)* बालकृष्ण समरचित कविताको नाउँ ______ हो।

*(vi)* सूर्यको अर्को नाउँ ______ पनि हो।

*(vii)* रनेलाई राम्री खोलानेर ______ हो।

★★★